पञ्चदेवल विनायक नगरपालिका विनायक अछाम

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ३१ मितिः २०७९/०९/०५

## भाग-२

## पञ्चदेवल विनायक नगरपालिका अछाम

# महिला संग उप-प्रमुख कार्यक्रम, कार्यविधि - २०७८

**प्रस्तावना :**

समाजको विकासका लागि मानव विकासको निकै ठुलो महत्त्व रहेको छ । मानव विकासको सूचक अनुसारको विकासको गतिदिनका लागि मानवका आधारभूत कुराहरुमा सुधार हुन जरुरी छ । अझै समाजको विकासमा महिलाको भुमिका पुरुषको भन्दा बढी देखिने गरेको छ ताकी नेपाली संस्कारले पनि यो कुरालाइ पुष्ठी गर्छ । समाजको विकासमा घरको वातारण तथा खानपानले पनि सहयोग पुर्याएको हुन्छ । एउटा बालबालिकाको भबिष्यलाइ उसको जिबनको शुरुवातको पोषणले निर्धारण गर्दछ । पोषणलाई आर्थिक, सामाजिक र मानविय विकास तथा दिगो विकासको लक्ष्य पुरा गर्ने आधार स्तम्बको रुपमा लिएको छ । समामजको भाबी

नेतृत्त्व लिने पुस्ता (सुनौला एकहजार दिनका आमा तथा बालबालिका र किशोरीहरु) को पोषणमा लगानी जरुरी छ । मातृशिशु तथा बाल्यकाकलिन पोषणको अबस्थामा सुधार ल्याउनका लागि र महिलाको जिबन स्तरमा सुधार ल्याउन समेत वाञ्छनीय भएकाले प्रशासनीक नियमावली – २०७५ को नियम ३ ले दिएको अधिकार प्रयोग गरी पञ्चदेवल विनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयले महिला संग उप-प्रमुख कार्यक्रम कार्यबिधि – २०७८ जारी गरेको छ ।

## परिच्छेद – १

### १. संक्षिप्त नाम र प्रारम्भ :

क. यस कार्यबिधिको नाम "महिला संग उप-प्रमुख कार्यक्रम कार्यबिधि-२०७८" रहेको छ ।

ख. यो कार्यबिधि पञ्चदेवल विनायक नगरपालिका नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

### २. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

(क) सुनौला एकहजार दिनका आमा तथा बालबालिका भन्नाले स्वास्थ्यको पोषणको आधार अनुसार आमा गर्भवती भएको दिन देखि बच्चा जन्मेर २ वर्ष पुग्ने दिन सम्मका आमा तथा बालबालिका सम्झनु पर्दछ ।

(ख) किशोरी भन्नाले १० वर्षको उमेर देखि १९ वर्षको उमेर समुहलाई सम्झनु पर्दछ ।

(ग) एकल महिला भन्नाले विवाह पछि पतीको मृत्यु भएर एक्लै बसेकी महिला सम्झनु पर्दछ।

(घ) गरिब तथा विपन्न महिला भन्नाले आफ्नो खेत बारी बाट वर्ष भरिमा ३ महिना भन्दा बढी खान नपुग्ने र परिवारमा कसैको आयआर्जन सम्बन्धीको पेशा, व्यवसाय र निजि तथा सरकारी नोकरी नभएको घरपरिवारको महिला सम्झनु पर्दछ।

(ङ) अपाङ्गता भएका महिला भन्नाले नियमानुसारको अपाङ्गता परिचय-पत्र भएका महिला सम्झनु पर्दछ ।

(च) बेसाहारा भएका महिला भन्नाले घरमा कोही पनि सहयोग गर्ने परिवारको सदस्य नभएको र आफै घरमुलिको रुपमा काम गरिरहेको महिला सम्झनु पर्दछ ।

(छ) संक्रमित तथा प्रभाबित महिला भन्नाले एभ आइ भी परिक्षणमा पोजेटिभ रहेको वा एच आइ भी बाट परिवारमा कसैको मृत्यु भएको परपरिवारको महिला सम्झनु पर्दछ ।

(ज) सुत्केरी पोषण प्रोत्साहन पाउने आमा भन्नाले पञ्चदेवल विनायक नगरपालिका भित्रका स्वास्थ्य संस्थामा ४ पटक गर्भजाँच गरेको, स्वास्थ्य संस्थामै बच्चा जन्मेको र बच्चा जन्मेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा बच्चाको जन्म दर्ता गरेको आमा सम्झनु पर्दछ ।

(झ) कर्मचारी भन्नाले नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

(ञ) समिति भन्नाले नगरपालिका तथा वडा स्तरमा रहेका पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र महिला तथा बालबालिकाका सवाल र विद्यालय तथा बालबिकास केन्द्रमा बनेका समिति सम्झनु पर्दछ ।

(ट) संस्था भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका गैर नाफामूलक संस्था भन्ने सम्झनु पर्दछ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ठ) निजी संस्था भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका नाफामूलक संस्था भन्ने सम्झनु पर्दछ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ ।

(ड) बहुक्षेत्रीय पोषण योजना कार्यक्रम भन्नाले सात वटा विषयगत क्षेत्र (शुसासन, शिक्षा, स्वास्थ्य, कृषि, पशुपंक्षी, महिला तथा बालबालिका र खानेपानी तथा सरसफाइ क्षेत्र ) का कार्यक्रम भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद – २

## कार्यबिधिको उद्देश्य

३. महिलाहरुको पोषण अबस्थामा सुधार गर्ने ।
४. बालबालिकाहरुको पोषण अबस्थामा सुधार गरी पोषण मैत्री पालिका घोषणा गर्ने ।
५. महिलाहरुलाई परिवार तथा समाजबाट माया ममता गर्ने बाताबरणमा थप सुधार गर्ने ।

६. बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाइ प्रभाबकारी रुपमा सञ्चालन गरी सबै विषयगत क्षेत्रहरुबाट पोषणका सवालमा सेवाहरु प्रवाह गर्ने ।

७. पोषण र महिला तथा बालबालिका सम्बन्धीका नगरक्षेत्रमा सञ्चालन हुने सरकारी तथा गैरकारी निकायका सबै कार्यक्रमहरुमा एकरुपता कायम गरी एकद्वार प्रणालीबाट कार्यक्रमहरु सञ्चालन गरी सेवा प्रवाह गर्ने ।

## परिच्छेद– ३

## सञ्चालित कृयाकलापहरु

८. महिला संग उप-प्रमुख कार्यक्रम अन्तर्गत देहायका कृयाकलापहरु सञ्चालन गरिनेछन ।

(क) सुनौला एकहजार दिनका आमा तथा बालबालिकाहरु लाई अत्याबश्यक पोषण तथा सरसफाइ सम्बन्धीका सामाग्रीहरु (चना, अण्डा, खानेतेल, आयोडिन नून, चामल, दाल, हातधुने साबुन, नङकट, रुमाल, पानी सफा गर्ने फिल्टर, टुटीसहितको बाल्टिन र अन्य पोषण संग सम्बन्धित सामाग्री) सहयोग गर्ने ।

(ख) सुनौला एकहजार दिनका आमा तथा बालबालिकाहरुलाई कृषि तथा पशुपंक्षी जन्य श्रोतको उपभोगमा बृद्धी गर्नका लागि करेशाबारी निर्माणमा आबश्यक बिउबिजन, कृषि औजार, कुखुराका चल्ला तथा खोर र दाना सहयोग गर्ने ।

(ग) सुनौला एकहजार दिनका आमा तथा बालबालिका तथा तिनका परिवारलाइ र किशोरीहरुका समुहमा पोषणका सवालहरुमा आधारभुत ज्ञान दिनका लागि अन्तर्किया तथा तालिमहरु सञ्चालन गर्ने ।

(घ) एकल महिला, अपाङ्गता भएका महिला,गरिब तथा बिपन्न र संक्रमित तथा प्रभाबित महिलाहरुका लागि आबश्यक खाद्यान्न सामग्री, लत्ताकपडा र उपचारमा सहयोग गर्ने ।

(ङ) किशोरीहरका लागि आइरन चक्कीको महत्त्वका बारेमा अन्तर्किया तथा आइरन वितरणमा सहयोग गर्ने ।

# परिच्छेद – ४

## सेवा ग्राहीहरु छनौटको प्रकृया

९. महिला संग उप-प्रमुख कार्यक्रम अन्तर्गत सेवाग्राही छनौट देहाय अनुसार गरिनेछ ।

(क) सुनौला एकहजार दिनका आमा तथा बालबालिकाहरु र किशोरीहरुको नामावली वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीले छनौट गर्नेछ ।

(ख) एकल महिला, अपाङ्गता भएका महिला, गरिब तथा बिपन्न महिला, बेशाहारा महिला तथा संक्रमित तथा प्रभाबित महिलाहरुको नामावली वडा कार्यालयले छनौट गर्नेछ ।

(ग) यसरी सेवा ग्राही छनौट गर्दा परिच्छेद १ को बुदा नं. २ अनुसार छनौट गर्नुपर्ने छ अन्यथा छनौट भएमा सेवाप्रवाह गरिने छैन ।

(घ) परिच्छेद १ को बुदा २ (ज) अनुसारका सेवाग्राहीहरुले स्वास्थ्य सम्बन्धीको सेवा बाहिरको स्वास्थ्य संस्थामा लिएको हकमा स्थानीय स्वास्थ्य संस्थाको सिफारिसमा बाहेक अन्यथा सेवाग्रहीको रुपमा छनौट गरिने छैन ।

# परिच्छेद – ५

## सेवा ग्राहीहरुलाई दिइने सेवाहरु

१०. महिला संग उप-प्रमुख कार्यक्रम अन्तर्गतको सुत्केरी पोषण प्रोत्साहन कार्यक्रममा सेवा प्रदान गर्दा देहायका पोषणमा सहयोग गर्ने खालका सामाग्रीहरु उपलब्ध गराइने छ ।

(क) चना /दाल ।

(ख) अण्डा ।

(ग) हातधुने साबुन ।

(घ) आयोडिन नून ।

(ङ) घ्यू / खानेतेल
(च) सरसफाई सामाग्रीहरु ।
(छ) चामल तथा अन्य अन्न जन्य सामाग्रीहरु
(ज) सामाग्री राख्ने झोला (कार्यक्रमको नाम सहित प्रिन्ट भएको) ।

११. महिला संग उप-प्रमुख कार्यक्रम अन्तर्गतका अन्य सेवाग्राहीहरु लाइ सेवा प्रदान गर्दा तोकिय बमोजिमका अत्याबश्यक सामाग्रीहरु उपलब्ध गराइने छ ।

## परिच्छेद – ६

## सेवाग्राहीहरुलाइ सेवा प्रदान गर्ने प्रक्रिया

१२. महिला संग उप-प्रमुख कार्यक्रम अन्तर्गतका सेवप्राप्त गर्ने सेवाग्राहीहरु लाइ सेवा प्रदान गर्दा देहायका प्रक्रियाहरु अपनाई सेवाहरु प्रदान गरिनेछ ।
(क) आबश्यक सामाग्रीहरु कम मुल्य र गुणस्तरताको प्रतिस्प्रधाका आधारमा स्थानीय (नगरपालिका तथा वडा कार्यालय क्षेत्रभित्र) व्यावसाय छनौट गरी सामाग्रीहरु खरिद गर्ने ।
(ख) बुदा क अनुसार खरिद भएका पोषण सामाग्रीहरु खरिद गरी सम्बन्धित वडा कार्यालयबाट वितरण गर्ने र झोलाको हकमा बाहिरबाट पनि खरिद गर्न सकिने छ ।
(ग) अन्य सामाग्रीहरु समेत खरिद गरी सम्बन्धित वडा कार्यालयबाट वितरण गर्ने ।
(घ) सेवा लिदा सेवाग्राही स्वयं उपस्थित हुनुपर्ने र यदि उपस्थित हुन नसक्ने भएमा सेवाग्राही सम्बन्धित वडामा बसिरहेको भनी वडा कार्यालयले प्रमाणित गर्नुपर्ने छ ।

## परिच्छेद – ७

## सेवा लिने सेवाग्राहरुका लागि आबश्यक पर्ने कागजातहरु

१३. महिला संग उप-प्रमुख कार्यक्रम अन्तर्गतका सुत्केरी पोषण प्रोत्साहनमा सेवाका लागि सेवाग्राहीहरुको हकमा देहायका कागजातहरु पेश गर्नुपर्ने छ ।

(क) स्वास्थ्य संस्थामा बच्चा जन्मेको प्रमाण-पत्रको प्रतिलिपि ।

(ख) बच्चा जन्मेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा बच्चाको जन्मदर्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि

(ग) आमाको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।

१४. महिला संग उप-प्रमुख कार्यक्रम अन्तर्गतका बिभिन्न समयमा वितरण गरिने अत्याबश्यक बिबिध सामाग्रीहरुको हकमा देहायका कागजातहरु पेश गर्नुपर्ने छ ।

(क) सम्बन्धित सेवाग्राहीको आफ्नै नेपाली नागरिकताको प्रतिलिपी ।

(ख) सम्बन्धित क्षेत्रको ( जस्तै एकलमहिला, अपाङ्गता, संक्रमित तथा प्रभावित आदि) विवरण खुल्ने कागजातहरु ।

(ग) तोकिय बमोजिमका अन्य आबश्यक कागजातहरु ।

## परिच्छेद – ८

## बजेटको व्यवस्था, अभिलेखिकरण र अनुगमन

१५. महिला संग उप-प्रमुख कार्यक्रम सञ्चालनका लागि आबश्यक बजेटको व्यवस्थापन नगरसभाको वार्षिक कार्यक्रममा समाबेश गरी आबश्यक बजेट छुट्टयाउने र नेपाल सरकार तथा प्रदेश सरकार बाट शसर्त, बिशेष तथा समपुरक अनुदानका रुपमा बहुक्षेत्रीय पोषण योजना र महिला तथा बालबालिकाको लागि प्राप्त बजेट बाट कार्यक्रमको बजेट व्यवस्थापन गरिनेछ ।

१६. महिला संग उप-प्रमुख कार्यक्रम अन्तर्गतका बिभिन्न क्रियाकलापहरुको छुट्टाछुट्टै विवरणहरु वडागत रुपमा तयार गरेर प्रमाणीत गरी

अभिलेखिकरण गरिनेछ । साथै यसरी तयार गरेको अभिलेखबाट नेपाल सरकार तथा प्रदेश सरकार र जिल्ला समन्वय समितिमा आबश्यकता अनुसार मासिक, चौमासिक र वार्षिक प्रतिवेदनहरु पेश गरिनेछ ।

१७. कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनका लागि बिशेष गरी नगर प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको बिशेष जिम्मेवारी रहनेछ भने वडा अध्यक्षहरुबाट पनि मुल्याङ्कन हुनेछ । अनुगमन तथा मुल्याङ्कन नियमित मासिक रुपमा हुनेछ । साथै मासिक, चौमासिक र वार्षिक मुल्याङ्कन प्रतिवेदन तयार गरी अभिलेखिकरण गरिनेछ । अनुगमन तथा मुल्याङ्कनका लागि निर्धारण गरेको फर्मेटमा फिल्डको प्रतिवेदन र अभिलेखिकरण गरिनेछ ।

१८. कार्यक्रमको अनुगमन बाट प्राप्त सुझाबका आधारमा आगामी कार्यक्रमहरु तयार गरी कार्ययोजाना निर्माण गरिनेछ ।

## परिच्छेद – ९

## बिबिध

१९. कार्यबिधिले निर्धारण गरेकोमा बाहेक थप क्रियाकलाप भएमा नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र महिला तथा बालबालिकाका सवालमा बनेका नगर स्तरीय समितहरुको निर्णय बमोजिम हुनेछ ।

२०. कार्यक्रमको तयारी, सञ्चालन, अनुगमन तथा मुल्याङ्कनको तयारी र अन्य थप कार्यक्रमको सहजिकरण स्वास्थ्य शाखा, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा र बहुक्षेत्रीय पोषण योजना स्वयंसेवकले गर्नुपर्नेछ ।

२१. महिला संग उप-प्रमुख कार्यक्रम अन्तर्गत पहिले भइसकेका सम्पूर्ण क्रियाकलापहरु यसै कार्यबिधि अनुसार भए गरेको मानिने छ ।

२२. नेपाल सरकार र प्रदेश सरकार बाट शसर्त तथा बिशेष अनुदानका रुपमा प्राप्त भएका निति, नियम तथा शर्तहरुलाइ समेत आधार मानी कार्यक्रम सञ्चालन गरिनेछ ।

आज्ञाले

शिवप्रसाद रेग्मी

प्रमुख प्रशासकीय अधिकृत